# ब्याक हो लोडर सञ्चालन सम्बन्धि कार्यविधि, २०८०(पहिलो संशोधन २०८२)

कार्यपालिकाबाट प्रमाणित मिति : २०८२/०७/२८

बुलिङटार गाउँपालिकाक्षेत्रका समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी जिल्ला, नगरपालिका तथा गाउँपालिकाहरूमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरूमा स- शुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको ब्याकहो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो ब्याक हो लोडर सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम ब्याक हो लोडर सञ्चालन सम्वन्धि कार्यविधि, २०८० ( पहिलो संशोधन २०८२) रहने छ

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएका मितिदेखि लागू हुनेछ

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ

(ख) नियमावली भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार मानी तयार भएको नियमावलीलाई सम्झनु पर्दछ।

(ग) गाउँपालिका भन्नाले बुलिङटार गाउँकार्यपालिकाको कार्यालयलाइ सम्झनु पर्दछ

(घ) गाउँसभा भन्नाले बुलिङटार गाउँकार्यपालिकाको गाउँसभालाई सम्झन पर्दछ

(ङ) अध्यक्ष भन्नाले बुलिङटार गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ

(च) उपाध्यक्ष भन्नाले बुलिङटार गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ

(छ) गाउँ कार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २ (ङ) मा भएका उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ

(ज) प्रमुख प्रशासकिय अधिकृत भन्नाले बुलिङटार गाउँकार्यपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्दछ

(झ) इन्जिनियर भन्नाले बुलिङटार गाउँकार्यपालिका कार्यालयका इन्जिनियरलाई सम्झनु पर्दछ

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

## ३. उद्देश्य

बुलिङटार गाउँकार्यपालिकाको कार्यालयवाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू, स्थानीय , सङ्घसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरू, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरू तथा छिमेकी गाउँपालिकाहरूको विकास कार्यक्रमहरूमा माग भएअनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहने छ ।

## ४. सन्चालन विधि

बुलिङटार गाउँकार्यपालिकाको कार्यालयमा रहेका ब्याकहो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात मात्र फिल्डमा खटाइनेछ

(क) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको फारामका ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ

(ख) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाका माग निवेदन उपर गाउँपालिका अध्यक्ष / कार्यालय प्रमुखबाट आदेश भएपश्चात के-कति समयका लागि माग गरिएका हो, माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारका शुल्क अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएका बैंकमा रकम ज़म्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ

गाउँपालिकाको बजेटबाट संचालित योजनाको हकमा उपभोक्तासमितिको माग निवेदन तथा मेसिन खटिएको समयको प्राविधिक मुल्यांकनका आधारमा गाउँपालिकाबाट भुक्तानी हुने क्रममा ब्याकहो लोडर शुल्क बापतको रकम कट्टा गरी भुक्तानी गर्न सकिनेछ ।

ग) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ

(घ) ब्याकहो लोडर अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुन स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन।

(ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ

(च) मेशिन प्रयोग गरे वापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए बमोजिम हुनेछ

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

(ख) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरका हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयागकर्ताले बुझाउनु पर्नेछ

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरणसहित मिटरका अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ

(फ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरूको व्यवस्था गरिने छ ।

(ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ट) व्याक हो लोडर माग गर्ने व्यक्ति वा संघसंस्थाले व्याक हो लोडर शुल्क बुझाउँदा बुलिङटार गाउँपालिका कार्यालयको राजश्व शाखामा नगद जम्मा गर्न सकिनेछ ।

(ठ) व्याक हो लोडर काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाका सिफारिसका आधारमा मात्र नगर प्रमुख / कार्यालय प्रमुखका आदेशका आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्वारा फिता गरिनेछ ।

४ .कर्मचारी सम्बन्धि व्यवस्था

क) व्याक हु लोडर संचालनको लागि आवश्यक पर्ने अपरेटर १ जना र सहयोगी १ जना प्रचलित कानुन बमोजिम सेवा करारमा नियुक्ति गरिनेछ

ख) उम्मेदवार शुल्क

अपरेटरको लागि : रु ५००

सहयोगीको लागि : रु ४००

ग) योग्यता : अपरेटरको हकमा १८ बर्ष पुगेर ३५ बर्ष ननाघेको र ब्याक हु लोडरको सवारी चालक अनुमति पत्र प्राप्त गरेको र सहयोगीको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको , साधारण लेखपढ गर्न जानेको ।

घ) नियुक्ति प्रक्रिया : व्याक हु लोडर अपरेटर र सहयोगीको हकमा १५ दिनको सूचना वेवसाइट / कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ ।

ङ) न्युनतम योग्यता पुगेको कागजात पेश गर्ने उम्मेदवारहरुलाई दोस्रो चरणको परिक्षामा सामेल गराईनेछ ,ब्याक हु लोडर अपरेटरको हकमा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा प्राप्त गरेको कुल प्राप्तांकको आधारमा उम्मेदवार सिफारिस गरिनेछ ।

च) परीक्षाको किसिम : व्याक हु लोडरको हकमा प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता परिक्षा लिइनेछ भने सहभागीको हकमा अन्तर्वार्ता परिक्षा मात्र संचालन गरिनेछ ।

छ) उम्मेदवार छनौट गर्न देहाय बमोजिमको समिति रहनेछ ,

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

प्रमुख प्रशासकीय अधिकृत – संयोजक

हेभी मेशिन अपरेटर सम्बन्धि अनुभव प्राप्त विज्ञ

वा ट्राफिक नियम संग जानकार प्रहरी प्रतिनिधि - १ जना

पूर्वाधार / योजना शाखा प्रमुख – १ जना

समितिले परिक्षा संचालनको क्रममा सहयोगीको रुपमा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ

ज ) पाठयक्रम / मापदण्ड : उम्मेदवार छनौट समिति स्वयम आफैले निर्धारण गरे बमोजिम हुनेछ

झ ) मुल्यांकनको अंकभार : व्याक हु लोडर अपरेटरको लागि कुल मुल्यांकन अंकभार ७५ पुणार्कको हुनेछ , प्रयोगात्मक परीक्षाको अंकभार ५० र अन्तर्वार्ता परिक्षा अंकभार १५ र उम्मेदवारको स्थानीयता वापत १० अंक हुनेछ ,साथै व्याक हु लोडर सहयोगीको लागि १५ अंकको अन्तर्वार्ता परिक्षा मात्र संचालन हुनेछ

ञ) अपरेटर तथा अपरेटर सहयोगीको कार्यालयले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरि कार्यालयलाई हानि नोक्सानि हुन गएमा तत्काल एकतर्फी करार भंग गरि क्षतिपूर्ति असुल उपर गरिनेछ

ट) समितिको पदाधिकारीको भत्ता सुविधा प्रति बैठक रु १००० हुनेछ , उम्मेदवार छनौट समितिको छनौट प्रयोजनको लागि अधिकतम ५ बैठक सम्मको मात्र बैठक भत्ता भुक्तानी हुनेछ ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

**(क) अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ इन्धन तथा लुब्रिकेन्टस खपतका अद्यावधिक लगत मेशिन अपरेटरसे तयार गरियको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।**

**(क) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयका जिन्सी शाखामा अद्यावधिक राखिनेछ**

**(ग) मेशिन बिग्रिएमा विधिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ, कार्यालयबाट वर्कसपमा चेकजाँच गराइ मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ**

**(घ) मर्मत सम्भारका कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ।**

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

६.ब्याकहो लोडर सञ्चालन शुल्क

क) ब्याकहो लोडर संचालन शुल्क अनुसूची ३ वा प्रत्येक वर्ष आर्थिक ऐनले तोकेबमोजिमको हुनेछ ।

७. ब्याकहो लोडर सञ्चालन समिती

ब्याकहो लोडर मेसिनलाई सन्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक समिति रहने छ ।

गाउँपालिका अध्यक्ष -संयोजक

प्रमुख प्रशासकीय अधिकृत - -सदस्य

प्राविधिक शाखा प्रमुख इन्जिनीयर -सदस्य

लेखा शाखा प्रमुख – सदस्य

जिन्सी शाखा प्रमुख- सदस्य

अभिलेख : लोडरमा प्रयोग भएको इन्धन तथा मर्मत सम्भार / पार्ट्सको अभिलेख जिन्सी शाखाले राख्नु पर्नेछ ।

८. विविध

(क) मेशिनका माईलमिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुयाउनका लागि १ जना अपरेटरको सहयोगी समेतको व्यवस्था गरिनेछ ।

(ग) मेशिन कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ गाउँपालिकाको इन्जिनियर वा भण्डार प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ ।

(घ) मेशिन फिल्डमा खटाउन नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनीयरको हुनेछ ।

९.संशोधन गर्न सक्ने : यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ ।

१०. खारेजी र बचाउ : यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

अनुसूचीहरु

अनुसूची १

ब्याकहो लोडर तथा व्याक हो लोडर माग दरखास्त फाराम (निवेदन)

अनुसूची २

ब्याकहो लोडर तथा व्याक हो लोडर मर्मत निवेदन फाराम

अनुसूची ३

व्याकहो लोडर लगसिट बुक विवरण ।

अनुसूचि ४

मासिक लगसिट बुक

अनुसूची ५

लोडरको आय व्यय विवरण

अनुसूची ६

संचालन शुल्क

गाउँपालिका बाट विनियोजित योजनाको हकमा - प्रति घण्टा रु. २२००।

अन्य योजनाको हकमा - प्रति घण्टा रु. ३०००।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची १

( व्याक – हु लोडर माग दरखास्त फारम )

श्री प्रमुख प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार , ब.सू.पू नवलपरासी

विषय : व्याक हु लोडर उपलब्ध गरि पाउँ

महोदय ,

यस बुलिङटार गाउँकार्यपालिकाको कार्यालयको व्याक हु लोडर आवश्यक परेको परेकोले देहायको विवरण भरि माग गरेको छु / छौं .नियमानुसार लाग्ने शुल्क लिई व्याक हु लोडर उपलब्ध गराई पाउँ

व्याक हु लोडर माग गर्नेले भर्ने :

| व्याक हु लोडर माग गर्ने व्यक्ति / संस्था/उपभोक्ता समितिको नाम , ठेगाना | कामको विवरण | व्याक हु लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

...............................

माग गर्नेको दस्तखत

इं. दिपेन्द्र सुनारी
अध्यक्ष

**गाउँपालिकाको कार्यालयको तर्फबाट भर्ने :**

| गा.पाबाट खटिने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

..

...................... | .................................. | ............................

जिन्सी शाखा प्रमुख | पूर्वाधार प्राविधिक शाखा/ ईन्जिनियर | प्रमुख प्रशासकीय अधिकृत

पेश गर्ने | चेक गर्ने | सिफारिस गर्ने

राजस्व शाखाले भर्ने

| रसिद नं र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

........................... | ..................................

राजस्व शाखा प्रमुख | प्रमुख प्राशासकिय अधिकृत

पेश गर्ने | स्वीकृत गर्ने

इं. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची २

( व्याक हु मर्मत सम्बन्धि निवेदनको ढाँचा )

मिति :

श्री प्रमुख प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार , ब.सू.पू नवलपरासी

विषय : व्याक हु लोडर मर्मत सम्बन्धमा

महोदय , यस बुलिङटार गाउँकार्यपालिकाको व्याक हु लोडरको तपशिलको पाट्र्समा खरावी आई संचालनमा बाधा परेकोले आवश्यक चेक जांच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु , श्रीमानको जो आज्ञा

तपशिल :

| समस्या आएको पाट्र्स वा सामानको विवरण | परिमाण | समान मर्मत गर्नुपर्ने वा फेर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको नाम :

दस्तखत :

ईन्जिनियरले भर्ने : उपर्युक्त सामानहरु फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने देखिएकोले सिफारिस गर्दछु ,

............................

इन्जिनियर

ऋ. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची ३

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार -३ , ब.सु.पू नवलपरासी

गण्डकी प्रदेश , नेपाल

मेशिन / लोडरको लगसिट बुक

लगसिट नं :

ग्राहकको नाम :  अपरेटरको नाम :

साईटको ठेगाना :

मेसिनले काम गरेको विवरण

| मिति | काम सुरु गरेको समय /युनिट | कम गरेको युनिट / समय | जम्मा घण्टा | दर | जम्मा रु | इन्धन | | | कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | डिजेल | मोबिल | ग्रिज | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अपरेटरको सहि  ग्राहकको सहि  चेक गर्नेको सहि

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची ४

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार -३ , ब.सू.पू नवलपरासी

गण्डकी प्रदेश , नेपाल

मासिक लगसिट बुक

सवारी साधन नं :                                                  अपरेटरको नाम :

.......... साल ...........महिनाको लगबुक

| क.स | मिति | कामको विवरण | शुरु अंक ( घण्टा मिनेट ) | अन्तिम घण्टा ( मिनेट ) | जम्मा घण्टा | इन्धन खपत अनुमानित | अन्य खर्च | अपरेटरको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

ई. लिलेन्द्र सुनारी
अध्यक्ष

अनुसूची ५

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार -३ , ब.सू.पू नवलपरासी

गण्डकी प्रदेश , नेपाल

**व्याक हु लोडर/मेशिनको आय व्यय विवरण**

| आय | | | | | | व्यय | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | लगसिट नम्बर | विवरण | काम गरेको घण्टा | दर | जम्मा रु मा | डिजेल | | | मोबिल | | | |
| | | | | | | लि. | दर | जम्मा | लि. | दर | जम्मा | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

डे. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

अनुसूची ६

बुलिङटार गाउँकार्यपालिकाको कार्यालय ,

बुलिङटार -३ , ब.सू.पू नवलपरासी

गण्डकी प्रदेश , नेपाल

क) अपरेटर र सहयोगीको सेवा सुविधा

| क.स | विवरण | मासिक तलव भत्ता | कामको भत्ता ( प्रति घण्टा ) | कैफियत |
|---|---|---|---|---|
| १ | अपरेटर | २०००० | २०० | |
| २ | सहयोगी ( हेल्पर ) | ८००० | ५० | |

मासिक तलव भत्ता समयानुकुल हुने गरि कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

ख) व्याक हु लोडर संचालन शुल्क

| क.स | कामको प्रकार | व्याक हु सचालन शुल्क | कैफियत |
|---|---|---|---|
| १ | बुलिङटार गाउँपालिका क्षेत्रभित्र गाउँ पालिकाबाट आफ्नो विनियोजन बजेटमा संचालित योजनाहरु | रु २२०० | आर्थिक ऐन अनुसार |
| २ | विनियोजित बजेट बाहेक अन्य व्यक्ति निकाय वा ठेक्कापट्टाहरु | रु ३००० | |
| समितिको सिफारिसमा कार्यपालिकाबाट समयसमयमा व्याक हु सेवा शुल्क परिवर्तन गर्न सक्नेछ | | | |

ई. दिपेन्द्र सुनारी
अध्यक्ष